लोक सेवा आयोग

सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

परीक्षा संचालन शाखा

प्रहरी निरीक्षक पदको परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना

निकायः	श्री नेपाल प्रहरी	विज्ञापन प्रकाशित मितिः	२०७८/०८/१०	लि.प. कार्यक्रम प्रकाशित मितिः	२०७८/१२/१७	परीक्षा केन्द्र निर्धारण मिति	२०७९/०१/२५

नेपाल प्रहरीको पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी निरीक्षक पदको खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षाको **परीक्षा केन्द्र** देहाय बमोजिम हुने गरी निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि अलग परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल प्रहरीमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

क्र.सं.	विज्ञापन नं.	किसिम	पद, सेवा, समूह/उपसमूह/तह	परीक्षा मिति र समय				उम्मेदवार संख्या	परीक्षा केन्द्र	रोल नं.	
				प्रथम पत्र	द्वितीय पत्र	तृतीय पत्र				देखि	सम्म
				सामान्य ज्ञान तथा बौद्धिक परीक्षण	अंग्रेजी तथा नेपाली भाषा	पेशागत सैद्धान्तिक ज्ञान (खण्ड क)	पेशागत व्यवहारिक परीक्षण (खण्ड ख)				
१	४२ (०७८/७९)	खुला तथा समावेशी	प्रहरी निरीक्षक	२०७९ जेठ २२ गते दिनको २:०० बजे (५० मिनेट)	२०७९ जेठ २३ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट)	२०७९ जेठ २४ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट)	२०७९ जेठ २४ गते दिनको ४:२५ बजे (४५ मिनेट मिनेट)	२००	श्री सगरमाथा मल्टिपल कलेज, डिल्लिवजार ।	१	२०६८
								४००	श्री वानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर ।	२०७२	७१०४
								४००	श्री एम्बिसन कलेज, नयाँ वानेश्वर ।	७१०७	७७०४
								२००	श्री कोलम्बस कलेज, शंखमुल मार्ग, नयाँ वानेश्वर ।	७७०५	७९९५
								२००	श्री स्वप्न वाटिका (SV) एकेडेमी, बुद्धनगर ।	७९९६	८२७८
								३३४	श्री नेपाल मेघा कलेज, बबरमहल ।	८२८०	८९३३

द्रष्टव्यः

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ ।

६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो **नागरिकता** वा **नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

८. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)** को पालना गरी परीक्षा सञ्चालन हुनेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी नेपाल प्रहरीमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ ।	
१	**तृतीय पत्र खण्ड (क)पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।**
२	**परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिन्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।**
३	**पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत प्रहरी निरीक्षक पदको लागि Critical Analysis/Problem solving, Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ ।**
४	**उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।**
५	**परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।**

कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु
१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले माक्स लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।
२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।
३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

राजु सत्याल
शाखा अधिकृत

प्रकाश गुरुङ
उपसचिव